"सिरीजङ्गाको गौरव, कञ्चनजङ्गा"

# सिरीजङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक,ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

स्था:२०७३

### प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

सूचना नं. ६१, २०८२/०८३ आर्थिक विकास शाखा(कृषि)

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२ पौष २३ गते बुधवार

सिरीजङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रम संचालन गर्नको लागि आर्थिक विकास समितिको मिति २०८२।०९।०९ गतेको निर्णयानुसार यस गाउँपालिका भित्रका कृषक समूह/कृषि सहकारी/निजी फार्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२।१०।०७) गते भित्र वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा) भित्र तपसिल वमोजिमको आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश हुने छैनन् ।

तपसिलः

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक स्वीकृत बजेट रु.(हजारमा) | न्युनतम मापदण्ड तथा प्रासङ्गिक विषयहरु | कै. |
|---|---|---|---|---|
| | "एक वडा एक बाली"<br>१. बाली प्रवर्द्दन कार्यक्रम<br>२. बाखा पालन कार्यक्रम | <br>१५००<br>५१० | १. यस कार्यक्रम अन्तर्गत कृषि फार्म/कृषि समूह/कृषि सहकारी/कृषि संग सम्बन्धीत समिति/टोल विकास संस्थाहरुले आवेदन दिन सक्नेछन् ।<br>२. बाली प्रवर्द्दन कार्यक्रम अन्तर्गत यस सिरीजङ्गा गाउँपालिकाको वडा नं १,२,३,५,७ र ८ मा उक्त वडा कार्यालयको निर्णयानुसारका बाली हरुमा संचालन हुनेछ।<br>३. बाखा पालन कार्यक्रम यस गाउँपालिकाको वडा नं ४ र ६ मा संचालन हुनेछ । | |

०८२।०९।२३

"सिरीजङ्गाको गौरव, कञ्चनजंघा"

sirijanghamun.gov.np

००९७७-९८५-२६६०-३३२

sirijangharuralmunicipality@gmail.com

| | | | | |
|---|---|---|---|---|
| | | | ४. कार्यक्रममा आवेदन पेश गर्दा वडा अनुसार छनौट भएको बाली बमोजिम पेश गर्नु पर्नेछ ।<br>५. एक वडा एक बाली कार्यक्रम ५०%(पचास प्रतिशत) लागत साझेदारीमा संचालन गर्नुपर्ने छ । | |

❖ बाली प्रवर्द्धन कार्यक्रमको लागि तपशिल बमोजिको वडा र सम्बन्धित बालीमा आवेदन पेश गर्नुपर्ने छ ।

| क्र.सं | वडा नं | छनौट भएको बाली | कैफियत |
|---|---|---|---|
| १ | १ | एभोकाडो खेती विस्तार | |
| २ | २ | सुन्तला र कागती खेती विस्तार | |
| ३ | ३ | किवि खेती विस्तार | |
| ४ | ५ | सुन्तला र कागती खेती विस्तार | |
| ५ | ७ | चिया खेती विस्तार | |
| ६ | ८ | चिया खेती विस्तार | |

❖ बाखा पालन कार्यक्रम अन्तर्गत तपशिल बमोजिको वडा अनुसार आवेदन पेश गर्नुपर्ने छ ।

| क्र.सं | वडा नं | छनौट भएको कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | ४ र ६ | बाखा पालन कार्यक्रम | |

८२।८।२३

..............................

(डम्बर बहादुर आङदेम्बे)

प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्बे

प्रमुख प्रशासकीय अधिकृत

# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

स्था:२०७३


आवश्यक कागजातहरु:

१) कार्यक्रम माग सम्बन्धी अनुसूची-३ बमोजिम निवेदन र अनुसूची-४ बमोजिम प्रस्ताव फाराम,

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

३) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी,निर्णयको प्रमाणित प्रतिलिपी र लाभग्राहीहरुको नागरिकताको प्रतिलिपी,

४) गत आ.व. को लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी,

५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमणपत्रको प्रतिलिपी,

६) विगत दुई आ.व. मा अन्य कुनै पनि निकायहरुबाट सम्बन्धीत कार्यक्रममा अनुदान नलिएको स्व-घोषणा पत्र,

७) अन्य आवश्यक कागजातहरु ।

थप जानकारीको लागि सम्पर्क: ९८६८३२३१४०, ९८६२७७४९१६

०८१।०५।२२

...............................

डम्बर बहादुर आङदेम्बे

प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत